बुद्धभूमी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बुड्ढी, कपिलवस्तु

५ नं. प्रदेश, नेपाल

## *कवाडी संकलन व्यवस्थापन ठेक्का सम्बन्धी सूचना*

*पुन: दोस्रोपटक प्रकाशित मिति:२०७५।०१।०२*

जिल्ला कपिलवस्तु बुद्धभूमी नगरपालिकाको क्षेत्रभित्रबाट संकलन हुने कवाडीजन्य वस्तुहरुको संकलनका लागि यस नगर कार्यपालिकाको मिति:२०७४।१२।२९ को निर्णय अनुसार बार्षिक न्यूनतम रु.३,००,०००।–(तीन लाख) मा ठेक्का व्यवस्थापन गर्ने निर्णय भएकोले निम्न शर्तहरु राखी डाँक बढावढको लागि १५ दिने सूचना प्रकासित गरिएको छ। ईच्छुक नेपाली नागरिकहरुले २०७५।१।१७ गते दिउसो २:३० बजे नगर कार्यपालिकाको कार्यालयमा खुला डाँक बढाबढको लागि उपस्थित भई दिनुहुन अनुरोध गरिन्छ।

**शर्तहरु**

१. नगरपालिकाको क्षेत्रभित्रको कवाडीजन्य वस्तुहरुको संकलनको ठेक्का अवधि सम्झौता भएको मितिले १ बर्ष सम्मको लागि रहने छ।

२. ठेक्का बोल्ने ब्यक्तिले ५% रकम तुरुन्तै सोहीदिन नगदै बुझाउनु पर्नेछ। उक्त रकम अन्तिममा फिर्ता गरिने छ।

३. ठेक्का सदर भएको विक्रि गर्न पाईने छैन।

४. ठेक्का सदर रकम २ किस्तामा हुने र सो रकम पहिलो किस्ताको हकमा ठेक्का सदर भएको मितिले १५ दिनभित्र र दोश्रो किस्ताको हकमा २०७५ पौष मसान्तभित्र भूक्तानी गर्नुपर्ने छ।

५. तोकिएको समयमा किस्ता नबुझाएमा ठेक्क बदर गरि धरौटी रकम जफत गरिने छ र ठेक्का रद्द समेत गर्न सक्ने छ।

६. ठेक्का बढी बोली ठेक्का नलिएमा ५ प्रतिशत रकम फिर्ता हुने छैन।

७. खुला डांक बढावढ दिनको २:३० बजे बाट सुरु हुने र डाँक बोल्नको लागि १ दिन अगावै अर्थात २०७५।१।१६ गते ५:०० बजे सम्म बुद्धभूमी न.पा., नगर कार्यपालिकाको कार्यालयको एन.एम.वी.बैंकमा रहेको संचितकोष हि.नं.०४४००६००५५९९७६००००0१ मा बाट रु.१०००।– (एक हजार) जम्मा गरि सक्कल बैंक भौचर सहित निवेदन दर्ता भई सहभागती हुनुपर्नेछ।

८. निवेदनको साथमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ।

९. ठेक्का डाँक बढाबढ खुल्ला विधिद्वारा बढी दिने ब्यक्तिलाई दिईने छ। तर उक्त डाँक सदर बदर गर्ने अधिकार न.पा.मा निहित रहने छ। डांक बढाबढको दिन सार्वजनिक बिदा पर्न गएमा सो को अर्को दिन कार्यालय खुलेको दिन हुनेछ।

१०. ठेक्का सम्बन्धी अन्य कुराको जानकारी कार्यालय समयभित्र यस नगरकार्यपालिकाको कार्यालयबाट लिन सकिनेछ।

०६४।१।२

मेघनाथ पाध्या

प्रमुख प्रशासकिय अधिकृत

मेघनाथ पाध्या
प्रमुख प्रशासकिय अधिकृत
(गा सचिव)